# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७

मिति : २०७६/१२/१९

**विषय : प्रेस विज्ञप्ति ।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको संक्रामक रोग नोवेल कोरोना भाइरस (Covid-19) को जोखिमलाई नियन्त्रण गर्ने उदेश्यकासाथ नेपाल सरकारबाट घोषणा गरिएको लकडाउन कार्यलाई पूर्णरुपमा पालना गरी साथ र सहयोग गर्नुभएकोमा सम्पूर्ण मादीवासी बुवा आमा, दाजुभाई तथा दिदीवहिनी प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । मुलुकमा कोरोना भाइरसको संक्रमणको जोखिमलाई न्युनीकरण गर्न नेपाल सरकारले लकडाउनको समयावधि थप गरी २०७६ चैत्र २५ गते सम्म पुर्‍याएको छ । यसै सन्दर्भमा गाउँपालिकाको मिति २०७६/१२/१८ गते वसेको गाउँ कार्यपालिकाको वैठकले, विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट सुरक्षित रहन र उच्च सावधानी अपनाउने गरी देहाय बमोजिमका महत्वपूर्ण निर्णय गरेको हुँदा निर्णयको अक्षरशः पालना गर्नुहुन सम्वन्धित सवैमा विज्ञप्ति मार्फत हार्दिक अपिल गर्दछु ।

**<u>कोरोना रोगको व्यवस्थापन सम्वन्धमा वैठकले गरेका महत्वपूर्ण निर्णयहरु :</u>**

१. गाउँपालिकाको नाउँमा माछापुच्छ्रे वैंक लिमिटेड मादी शाखामा प्रकोप व्यवस्थापन कोष खाता संचालनमा ल्याउने । उक्त खातामा गाउँपालिकाबाट रु. १० (दश) लाख जम्मा गर्ने र सहयोग गर्न चाहनुहुने इच्छुक संघ संस्था तथा व्यक्तिहरुले गाउँपालिकाको उक्त कोषमा रकम जम्मा गर्नुहुन अनुरोध गर्ने, जिन्सी सहयोग गर्न चाहनु हुने संस्था तथा व्यक्तिहरुले गाउँपालिकाको विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउने र राहात वितरण कार्यलाई एक द्वार प्रणालीबाट व्यवस्थित गर्ने । साथै कुनैपनि संघ संस्था तथा व्यक्तिहरुबाट आफुखुशी राहत वितरण गर्ने कार्यलाई पुर्ण रुपमा रोक लगाउने ।

२. यस गाउँपालिका भित्र कोरोना भाइरस संक्रमण फैलिन नदिन तथा नियन्त्रण गर्न वडा स्तरमा विपद् व्यवस्थापन सम्वन्धी प्रतिकार्ययोजना वनाउने, उक्त कार्ययोजना कार्यन्वयनमा समन्वय र सहजिकरणको लागि बाह्रवटै वडामा वडा अध्यक्षको संयोजकत्वामा गठित वडा स्तरीय विपद् व्यवस्थान समितिलाई पुर्ण रुपमा कियाशिल वनाई परिचालन गर्ने ।

३. कोरोना भाइरसको कारण मुलुक लकडाउनमा रहेको अवस्थामा पालिका भित्र दैनिक उपभोग्य खाद्य सामाग्रीको आपूर्ति तथा ढुवानी र वितरण सम्वन्धमा देहायका कार्यहरु गर्ने र उक्त कार्य गर्न वडा कार्यालयलाई परिचालन तथा जिम्मेवार बनाउने ।

- दैनिक उपभोग्य खाद्य सामाग्री विक्री वितरण गर्ने पसल तथा डिलरहरुको तथ्याङ्क संकलन गर्ने ।
- वजार अनुगमन नियमित रुपमा गर्ने र कालोवजारी नियन्त्रण गर्ने ।
- गुणस्तरहीन तथा म्याद गुज्रेका खाद्यवस्तु विक्री वितरण र प्रयोगमा पुर्णरुपमा रोक लगाउने ।
- दीर्घरोगी, असहाय, अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने र तिनीहरुले नियमित रुपमा सेवन गरिरहेका औषधीहरुको सहजरुपमा उपलब्धताका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- दैनिक ज्याला मजदुरी गरी जीवनयापन गर्ने असंगठित क्षेत्रका श्रमिकहरु, विपन्न, असाहय, सीमान्तकृत समुदायको लगत संकलन गर्ने ।
- कृषि, पशुपन्छीपालक कृषकहरुको विवरण संकलन गरी दाना चोकर लगायतका आवश्यक सामग्रीको आपुर्ति व्यवस्थापनमा सहजीकरण गर्ने ।
- सवारी पास अनुमती लिएका सवारी वाहेकका सवारी साधनको प्रयोगमा कडाईका साथ रोक लगाउने, जुवा तास खेल्ने, खोला तथा नदीमा अवैध रुपमा माछा मार्ने, वन्यजन्तुको चोरी शिकारी गर्ने जस्ता कार्य पूर्ण रुपमा नियन्त्रण गर्ने सो को अनुगमन गर्न वडा स्तरीय समितिलाई जिम्मेवारी दिने ।
- मुलुकभर लकडाउन शुरु भएको मिति २०७६।१२।११ गते देखि नै गाउँपालिकाबाट भाडामा लिई संचालनमा ल्याइएका २ (दुई) वटा एम्वुलेन्स सेवालाई लकडाउनको अवधिभर निरन्तरता दिने ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणलाई फैलिन नदिन र नियन्त्रण गर्न हाललाई सभा सम्मेलन, मेला महोत्सव, जस्ता कार्यक्रमको आयोजना तथा संचालन नगर्ने, सामुहिक वसाई, चाडपर्व मनाउने नाउमा अनावश्यक भिडभाड नगर्ने, अत्यावश्यक काम वाहेकको आवागमनमा नियन्त्रण गर्ने र सो को पालनामा कडाई गर्ने । ।

५. यस गाउँपालिकामा भित्र २०७६ चैत्र १ गते देखि भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुको संकलित तथ्याङ्क अद्यावधिक गर्ने र क्वारेन्टाइनमा राख्ने । आवश्यक देखिएमा क्वारेन्टाइन थप गर्ने । साथै पालिका वासीलाई होम क्वारेन्टाइनमा वस्न आवह्वान गर्ने ।

६. यस विपद्को घडीमा सम्पुर्ण राजनितिक दल, संघ सस्था तथा व्यक्तिहरुलाई सकारात्मक सहयोगको लागि आवह्वान गर्ने ।

**<u>"कोरोना भाइरसबाट आफु पनि बचौं, अरुलाई पनि बचाऊँ"</u>**

अध्यक्ष
वेद बहादुर गुरुङ्ग

सम्पर्क : अध्यक्ष :९८५६०७२६०१, उपाध्यक्ष : ९८५६०७२६०२, प्रमुख प्रशासकीय अधिकृत : ९८५६०७२६००, वडा अध्यक्षहरु : ९७५६०७२२०१, ९७५६०७२२०२, ९७५६०७२२०३, ९७५६०७२२०४, ९७५६०७२२०५, ९७५६०७२२०६, ९७५६०७२२०७, ९७५६०७२२०८, ९७५६०७२२०९, ९७५६०७२२१०, ९७५६०७२२११, ९७५६०७२२१२